१३२८

# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**

**आदेश**

**मु.नं. १९२/०७३/७४**

**निर्णय नं. १२६**

जिल्ला बारा, मझरिया गा. बि. स.-४ निवासी निरंजनकुमार साह ...........................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, गाउँ बिकास समितिको कार्यालय, मंझरिया, वारा ............................१ } विपक्षी
सूचना अधिकारी, गाउँ विकास समितिको कार्यालय, मझरिया, वारा ...........................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला वारा, मझरिया गा. बि. स.-४ निवासी निरंजनकुमार साहले गाउँ विकास समितिको कार्यालय, भट्टेडाँडा, ललितपुर समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।०३ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी गाउँ विकास समितिको कार्यालय, मझरिया, वाराको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. मझरिया गा. वि. स. वडा नं. ४ मा यस कार्यालयबाट बितरण गरिएको सामाजिक सुरक्षा भत्ता बुझिलिने व्यक्तिहरुको नाम र रकम सहितको विवरण ।

२. गाउँ विकास समितिको कार्यालय, मझरियाको आ. व. २०७२/७३ को गा. वि. स. परिषद्को निर्णयको प्रमाणित प्रतिलिपि ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल मंसिर १ गते रोज ४ शुभम् ।